| ७ | कनकासुन्दरी गापा | नरबिर रावत | अध्यक्ष | ९८५८०५०२८० | भरत बहादुर शाही | ९८६६६३३५१० |
| | | उर्मिला खत्री भण्डारी | उपाध्यक्ष | ९८४८३१२०५८ | | |
| | | नैन सिंह बुढा | प्रमुख प्र.अधिकृत | ९८४८११२१६७ | | |
| ८ | तिला गापा | रतननाथ योगी | अध्यक्ष | ९८५८३२०९३७ | जग बहादुर बस्नेत | ९८५८३६६२६६ |
| | | बिष्णु बुढा | उपाध्यक्ष | ९८५८०३१२८३ | | |
| | | मिन बहादुर रावल | प्रमुख प्र.अधिकृत | ९८५८३९०२८३ | | |

## २०. खोज तथा उद्धारका लागि दक्ष जनशक्ति तथा सम्पर्क विवरण

| सि.नं. | क्षेत्रगत साझेदारको नाम | प्रमुख व्यक्ति | फोन |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | बिजया कुमारी प्रसाई | ९८५८३२७७७७ |
| | जिल्ला विपद् व्यवस्थापन समिति, फोकल पर्सन | नन्दराम चौलागाई | ९८५८३२०३८० |
| २ | नन्दा वक्स गण परिमला चौर जुम्ला गणपति प्रमुख सेनानी | रविन थापा | ०८७-५२०११९, ९८४१८४४९९७ |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्र.ना.उ.दान ब. थापा | ०८७-५२०११३ ९८५८३२५५५५ |
| ४ | स.प्र.बल नेपाल नं ३३ गण | स.प्र.उ. गगन श्रेष्ठ | ०८७-५२०५०३ ९८५११४८३३७ |
| ५ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | गणेश रोका मगर | ९८४५०३५२७३ |

**२१. संरक्षण क्षेत्रगत सदस्यहरुको विवरण**

| क्र.स. | क्षेत्रगत साझेदारको नाम | सम्पर्क व्यक्ति | मो.नं. |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | नन्दराम चौलागाई | ९८५८३२०३८० |
| २ | सामाजिक विकास कार्यालय | टोप बहादुर वुढा | ९८५८३२०४०२ |
| ३ | जिल्ला प्रहरी कार्यालय | दान बहादुर थापा | ९८५८३२५५५५ |
| ४ | जिल्ला समन्वय समिति | तिर्थ पौडेल | ९८५१२५१२२२ |
| ५ | नेपाल रेडक्रस सोसाइटी | इन्द्रराज डाँगी | ९८५८३२०४७० |
| ६ | जिल्ला जन स्वास्थ्य सेवा कार्यालय | कृष्ण सापकोटा | ९८४८०५०५७८ |
| ७ | नेपाल पत्रकार महासंघ | बरम बहादुर महत | ९८४८३०२३७० |
| ८ | क्याड नेपाल | सोम राज जि.सि | ९८४८०२४८६२ |
| ९ | सेडा नेपाल | दीपेन्द्र वढुवाल | ९८४८१३४१०० |
| १० | मर्सिकोर नेपाल | प्रकाश कुमार के.सी. | ९८४७८३७६२७ |
| ११ | किर्डाक जुम्ला | जनक पन्त | ९८४५६५१९४८ |
| १२ | वर्ल्ड भिजन | शुक्र गुरुङ्ग | ९८५८३२०२६७ |
| १३ | पेस नेपाल | लालु नाथ योगि | ९८४८३१८७२१ |
| १४ | प्लान ईन्टरनेशनल नेपाल | दीपेन्द्र सिह सामन्त | ९८४८७७५०९८ |

**२२. शिक्षा क्षेत्रगत सदस्यहरुको विवरण**

| क्र.सं. | क्षेत्रगत साझेदारको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाई | मकर व. भण्डारी | ०८७ – ५२०००९ |
| २ | प्लान ईन्टरनेशनल नेपाल | दीपेन्द्र सिंह सामन्त | ९८४८७७५०९८ |
| ३ | किर्डाक नेपाल | रबिन्द्र प्रसाद शर्मा | ९८६९१२७१३३ |
| ४ | नेपाल रेडक्रस सोसाइटी | इन्द्रराज डाँगी | ९८५८३२०४७० |
| ५ | नेपाल पत्रकार महासंघ | नेत्र बहादुर शाही | ९८५८३००८६८ |
| ६ | गैसस महासंघ | अमर बहादुर रोकाया | ९८४८३००२४९ |
| ७ | पेस नेपाल | हेमराज भट्ट | ९८४८५३१३८० |
| ८ | सामाजिक विकास कार्यालय | टोप बहादुर वुढा | ९८५८३२०४०२ |

**२३. कृषी तथा खाद्यान्न क्षेत्रगत सदस्यहरुको विवरण**

| क्र.स | क्षेत्रगत साझेदारको नाम | सम्पर्क व्यक्ति | फोन |
|---|---|---|---|
| १ | कृषि ज्ञान केन्द्र, जुम्ला | बालक राम देवकोटा | ०८७ – ५२००२७ / ९८४८०४७४६२ |
| २ | जिल्ला स्याउ सुपरजोन | गंगा पोखरेल | ९८५८३६६९३३ |
| ३ | विश्व खाद्य कार्यक्रम | कृष्ण शाही | ९८५८३२०३३३ |
| ४ | पेस नेपाल | नविन वि.सि | ९८४८२२१७२५ |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | जोगेन्द्र कान्दु | ०८७–५२०६६६ |
| ६ | कृषि विकास बैंक | सुजना बुढ्ाथापा | ९८४८३८०३२१ |
| ७ | कृषि अनुसन्धान केन्द्र | डा. अनिल अधिकारी | ९८६६८३८२५१ ०८७– ५२००२३ |
| ८ | वनस्पति अनुसन्धान केन्द्र | रमेश वस्नेत | ९८५८३२०१४२ |
| ९ | खाद्य तथा गुण नियन्त्रण डिभिजन कार्यालय | भरत रोकाया | ९८६१३५९६९१ |
| १० | हावापानी फिल्ड कार्यालय | आसामपुरा कार्की | ९८४८३९१२४८ |
| ११ | सबै स्थानीय तह शिक्षा शाखाहरु | | |
| १२ | नेपाल रेडक्रस शाखा | नरविर सुनार | ९८४८३११०७१ |

**२४. खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रगत सदस्यहरुको विवरण**

| क्र.सं | क्षेत्रगत साझेदारको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | खा.पा. तथा सरसफाइ डि.का. | राजिव रिमाल | ०८७-५२०११० |
| २ | संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय | महेश न्यौपाने | ९८५११३३३६ |
| ३ | पेस नेपाल | हरी प्रसाद शर्मा | ९८६८२१०४०४ |
| ४ | किर्डाक नेपाल | भीम प्रसाद उपाध्याय | ९८४८३००१६७ |
| ५ | क्याड नेपाल | बेगम खडका | ९८४४९८४५६१ |
| ६ | सेडा नेपाल | निर्मला थापा | ९८६७६६११७० |
| ७ | स्थानीय पालिका खानेपानी साखा | | |
| ८ | सांग्रीला डिप्लोपमेन्ट एसोसिएसन | दिलेश ब. रावत | ९८४८३०६४२१ |
| ९ | नेपाल रेडक्रस शाखा | हर्क ब. महत | ९८५८३२०८२५ |
| १० | खानेपानी सरसफाई उपभोत्ता महांसध | मान वहादुर रोकाया | ९८४८३१४५५५ |
| ११ | खलगा खानेपानी उपभोक्ता समिति | पन्न वहादुर रोकाया | ९८४८३००३७६ |

**२५. आपतकालिन आश्रयस्थल, अस्थायी आवास तथा गैरखाद्य सामाग्री क्षेत्रगत सदस्यहरुको विवरण**

| क.सं. | क्षेत्रगत साझेदारको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | सघन शहरी तथा भवन निर्माण आयोजना कार्यान्वयन इकाई | ई. जगदीश लामिछाने | ०८७-५२०३७५ |
| २ | जिल्ला समन्वय समिति | रामलाल प्याकुरेल | ९८५१२५१२२२ |
| ३ | डिभिजन सडक | लिला बहादुर भण्डारी | ९८५६०२५०२६ |
| ४ | डिभिजन वन कार्यालय | दिनेश जंग खत्री | ०८७-५२००३५ |
| ५ | पूर्वाधार बिकास कार्यालय | रुप बहादुर रावल | ०८७-५२०२०७ |
| ६ | प्लान ईन्टरनेशनल नेपाल | दिपेन्द्र सिंह सामन्त | ९८४८७७५०९८ |
| ७ | वर्ल्ड भिजन | शुक्र गुरुङ्ग | ९८५८३२०२६७ |
| ८ | कारितास नेपाल | जनक शर्मा | ९८५८०२०९६० |
| ९ | मर्सिकोर नेपाल | प्रकास कुमार के.सी. | ९८४७८३७६२७ |
| १० | किर्डाक नेपाल | जनक पन्त | ९८४५६५१९४८ |
| ११ | पेस नेपाल | मुकेस शर्मा | ९८४१९७०९७४ |

**२६. कार्यान्वयन र पुनरावलोकन रणनीति**

जिल्लाको समग्र विपद् व्यवस्थापनका लागि यस योजनाको कार्यान्वयन हरेक बिषयगत निकाय, विकास साझेदार लगाएतका नीजि तथा सार्वजनिक क्षेत्रको समेत सहकार्य अति आवस्यक छ। यस विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई नियमित रुपमा कार्यान्वयन तथा बार्षिक रुपमा पुनरावलोकन गरिने छ।

**२६.१ विपद् प्रतिकार्य पूर्वतयारी योजना क्रियाशील हुने**

यो योजना जिल्लामा मुख्यतः प्राकृतिक प्रकोपको जोखिमवाट जस्तैः- बाढी, पहिरो, आगलगी, माहामारी आदिको परिस्थिति सृजना हुनासाथ क्रियाशील हुनेछ।

**२६.२ विपद् प्रतिकार्य पूर्वतयारी योजनाको कार्यान्वयन**

यसको कार्यान्वयन हरेक विषयगत क्षेत्रले तय गरेका प्रतिकार्य तथा पूर्व तयारी योजना वमोजिम हुनेछ । यस योजनाको कार्यान्वयनका लागि क्लष्टर लिड तथा को-लिड वढि जिम्मेवार रहि कार्यान्वयन गरिने छ ।

**२६.३ विपद् प्रतिकार्य पूर्वतयारी योजनाको नियमित समीक्षा तथा अद्यावधिक**

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समीक्षा अर्धवार्षिक रुपमा नियमित अद्यावधिक गरिनेछ भने विपद परेको खण्डमा कुनै पनि विपदको प्रतिकार्य गरिसकेपछि आवश्यक्तानुसार गरिने छ । हरेक विषयगत क्षेत्रले आ-आफ्नो क्षेत्रको विस्तृत समिक्षा गरी अद्यावधिक योजना र प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिलाई पेशगर्नु पर्ने छ ।

## २७. प्रतिवेदन तथा अभिलेखन

***२७.१ अभिलेखीकरण***

जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाले जिल्ला अगुवा सहयोगी संस्था सम्पुर्ण सरोकारवालाहरु संग समन्वय गरि आगामी दिनहरूमा हुने अद्यावधिकरणलाई पनि नियमित रुपमा अभीलेखिकरण गर्नु पर्ने छ ।

***२७.२ संस्थागत व्यवस्था***

नेपालमा विपद् व्यवस्थापनको कानूनी संरचनाको शुरुवात २०३९ सालमा जारी भएको दैवीप्रकोप उद्धार ऐन, २०३९ र हाल परिमार्जित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) बाट भएको हो । यो ऐनले मुलुकको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको लागि केन्द्र देखि स्थानीय तहसम्म संस्थागत संरचनाको व्यवस्था गरेको छ । अतः यसको संस्थागत व्यवस्था कानूनमा उल्लेख भए वमोजिम नै जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाको मातहतमा रही हुनेछ ।

**२७.३ प्रतिवेदन तथा संचार**

विपद प्रतिकार्यको प्रतिवेदन तथा संचार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) मा उल्लेख भएको अनुसूचि १६ अनुसार गरिनेछ । प्रतिवेदनको जानकारी सबै सरोकारवालाहरुलाई जिल्ला प्रशासन कार्यालयमा स्थापित जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र (DEOC) बाट उपलव्ध गराईनेछ । यसका लागि जिल्ला प्रशासन कार्यालयको सूचना केन्द्र लगायत मानवीय सहायतामा काम गर्ने निकायहरुले आपत्कालीन समयमा जिल्ला विपद् व्यवस्थापन समितिको प्रत्यक्ष निर्देशनमा रहेर घटना विवरण तयार गर्ने र त्यसलाई स्थानीय, प्रादेशिक तथा संघीय तहमा प्रवाह गर्नु पर्नेछ ।

**२७.४ अनुमोदन प्रक्रिया**

यस जुम्ला जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुमोदनको लागि जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा समितिका पदाधिकारी/सदस्यहरू लगायत सरोकारवाला निकायहरूबाट प्राप्त सल्लाह सुझावहरूलाई ग्रहण गर्दै पुनः यस योजनामा समावेश गरी जुम्ला जिल्लाको विपद् प्रतिकार्य पूर्वतयारी योजना (११ औं अद्यावधिक संस्करण) २०७८ अनुमोदन गरिएको छ ।

**२७.५ पुर्व सूचना प्रणाली**

पुर्वसूचना प्रणालीलाई क्रियाशिल गरिने छ । साथै निम्न अनुसार पुर्वतयारीसंग सम्बन्धित कार्यहरुको प्राथमिकीकरण गरिएको छ ।

- विपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद व्यवस्थापन समितिहरुलाई तालिम प्रदान गर्ने ।
- सबै स्थानीय तहका विपद व्यवस्थापन समितिहरुमा मनसुन पूर्वतयारी कार्यशाला संचालन गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीयतहका विपद व्यवस्थापन समितिलाई विपद पूर्वतयारी तथा प्रतिकार्यका लागी अभिमुखिकरण गर्ने ।
- तालिम प्राप्त दक्ष जनशक्तिहरुको विवरण/लेखाजोखा राख्ने र अध्यावधिक गर्ने ।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने ।
- जिल्ला आपतकालीन कार्य संचालन केन्द्रको क्षमता अभिवृद्धि गर्ने ।
- पूर्व तयारीका लागि कृत्रिम घटना अभ्यास गर्ने ।

## २८. विपद् प्रतिकार्य तथा मानवीय सहायताको क्षेत्रमा क्रियाशील साझेदार निकायको सूची

| क्र.सं | नाम | कार्यालय | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | बिजया कुमारी | जिल्ला प्रशासन कार्यालय | प्रजिअ | ९८५८३२७७७७ |
| २ | गणेश रोका मगर | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र | सप्रह | ९८४५०३५२७३ |
| ३ | दान वहादुर थापा | जिल्ला प्रहरी कार्यालय | प्रमुख | ९८५८३२५५५५ |
| ४ | रविन थापा | नन्दा बक्स गण | प्रमुख | ९८५११७१०३३ |
| ६ | गगन श्रेष्ठ | सशस्त्र प्रहरी बल ३३ नं.गण | प्रमुख | ९८५११४८३३७ |
| ७ | राजेन्द्र न्यौपाने | राष्ट्रिय अनुसन्धान कार्यालय | प्रमुख | ९८५८३२२०१८ |
| ८ | तिर्थ पौडेल | जिल्ला समन्वय अधिकारी | प्रमुख | ९८५१२५१२२२ |
| ९ | कृष्ण सापकोटा | स्वास्थ्य कार्यालय | प्रमुख | ९८४८०५०५७ |
| १० | बालक राम देवकोटा | कृषी विकास कार्यालय | प्रमुख | ०८७५२००२७<br>९८४८०४७४६२ |
| ११ | राम आसिर झा | सहरी विकास तथा भवन कार्यालय | प्रमुख | ९८५२८२०६२३ |
| १२ | रुप वहादुर रावल | पूर्वाधार विकास कार्याल्य | प्रमुख | ९८५८३९१९०० |
| १३ | महेश न्यौपाने | संघिय खापा तथा ढल व्यवस्थापन | प्रमुख | ९८५१११३३३६ |
| १४ | आसामपुसा कार्की | हावापानी कार्यालय | प्रमुख | ९८४८३९१२४८ |
| १५ | मकर बहादुर | शिक्षा विकास तथा समन्वय इकाई | प्रमुख | ९८६३१२०७५३ |
| १६ | अनुप श्रेष्ठ | खा पा ताथ सस डिभिजन कार्यालय | प्रमुख | ९८५११७४४८९ |
| १७ | राम चन्द्र श्रेष्ठ | नेपाल टेलिकम, जिल्ला शाखा | सूचना अधिकारी | ९८५१०६०३३० |
| १८ | धनलाल बस्नेत | रेडियो नेपाल | सूचना अधिकारी | ९८४८३१३४३३ |
| १९ | इन्द्रराज डाँगी | नेपाल रेडक्रस शाखा | मन्त्री | ९८५८३२०४७ |
| २० | राजवली मनिहार | उद्योग व्यापार संघ | अध्यक्ष | |
| २१ | नेत्र बहादुर शाही | पत्रकार महासंघ | अध्यक्ष | ९८४४३००८६ |
| २२ | किशोर न्यौपाने | पेस नेपाल | कार्यकारी अध्यक्ष | ९८५८३२०२९६ |
| २३ | कृष्णा शाही | बिश्वखाद्य कार्यक्रम | फिल्ड कोअर्डिनेटर | ९८५८३२०३३३ |
| २४ | दिपेन्द्र सिंह | Plan International Nepal | कार्यक्रम संयोजक | ९८४८७७५०९ |
| २५ | शुक्र गुरुङ | World Vision International, KIRDARD | फिल्ड कोअर्डिनेटर | ९८५८३२०२६७ |
| २६ | प्रकाश के.सी. | मर्सिकोर नेपाल | क्लस्टर प्रमुख | ९८४७८३७६२७ |
| २७ | अभिषेक पाण्डे | SSBH | कार्यक्रम अधिकृत | ९८५१२०२५४७ |
| २८ | शाहस लामिछाने | NCCSP | जिल्ला संयोजक | ९८६७११७८४७ |
| २९ | जनक शर्मा | कारितास नेपाल | क्षेत्रिय व्यवस्थापक | ९८५८०२०९६ |
| ३० | हेम राज भट्ट | पेस नेपाल | परियोजना प्रमुख | ९८४८५३१३८० |
| ३१ | तिलक सुनार | खाद्य व्यवस्था तथा व्यापार कम्पनी | कार्यालय प्रमुख | ०८७५२००१६ |
| ३२ | | साल्ट ट्रेडिङ | कार्यालय प्रमुख | ०८७५२००१६ |

## २९. विपद् न्यूनीकरणमा जिल्ला विपद् व्यवस्थापन समितिको भुमीका तथा जिम्मेवारी

- जिल्ला विपद् व्यवस्थापनको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई समन्वय गर्ने तथा गराउने । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने र यसलाई प्रादेशिक विपद् व्यवस्थापन समितिमा र गृह मन्त्रालय मार्फत केन्द्रीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने ।
- स्थानीय तहको विपद् व्यवस्थापन समितिबाट संचालित राहत तथा उद्धार कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने ।
- समय-समयमा राहत उद्धार कार्यमा भैरहेको प्रगतिको वारेमा प्रादेशिक तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाई जानकारी दिने ।
- मौसमजन्य प्रकोप न्यूनिकरणका लागि समन्वय गरि कार्ययोजना बनाउने । केन्द्रीय तथा प्रादेशिक विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।
- वाहय सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने ।

- सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस लगायतका निकाय र स्थानीय तहहरू बीच प्रतिकार्यको समीक्षा गर्न नियमित बैठक संचालन गर्ने ।
- विपद पुर्वतयारी तथा प्रतिकार्य योजना संग समन्वय गदै स्थानीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना तयार गर्ने ।

## ३०. क्षेत्रगत अगुवा संस्थाको भूमीका तथा जिम्मेवारी

विपद्का अवस्थामा प्रभावित समुदायलाई तत्काल जिल्लाको कुनै क्षेत्रमा परेको समस्या समाधानमा समन्वय गर्न जिल्लामा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकार प्राप्त व्यक्ति संस्था वा निकायलाई जिल्ला क्षेत्रगत अगुवा संस्था भनिन्छ । यस्ता क्षेत्रगत अगुवा संस्थाको काम कर्तव्य तथा जिम्मेवारी निम्नानुसार रहेको छ ।

- क्षेत्रगत सदस्य संस्था (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस आदि) का वीचमा उपयुक्त क्षेत्रगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।
- संघ, प्रदेश, स्थानीय तह, सरकारी निकाय, स्थानीय नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरु बीच समन्वय गर्ने ।
- प्रत्येक क्षेत्रगत अगुवा संस्थाले सवै क्षेत्रगत सदस्य संस्थासंग समन्वय गरि आफ्नो विषयक्षेत्रमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमा गर्ने ।
- नयाँ आपत्कालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।
- क्षेत्रगत सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।
- विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।
- मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने ।
- पूर्व निर्धारीत प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि क्षेत्रगत अगुवा संस्थाहरू अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार हुन्छन् जुनकुरा पहुँच, सुरक्षा र प्राप्त कोषमा भरपर्दछ । उनीहरूको स्रोत परिचालन कार्यमा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिले सहयोग गर्नेछ ।

## ३१. क्षेत्रगत प्रतिकार्य योजना

यस प्रतिकार्य योजनामा विषयगत क्षेत्रहरुको वारेमा छोटकरीमा उदेश्य तथा मानवीय सहयोगका न्युनतम मापण्डहरुलाई राखिएका छन । क्षेत्रगत प्रतिकार्य योजना हरेक क्षेत्रले तयार पार्ने गरेकोले यस योजनामा धेरै कृयाकलापहरु सामावेश गरिएका छैनन ।

### ३१.१ खोज तथा उद्धार

मुख्य विपद्को किसिम : बाढी, पहिरो, हिमपात, आगलागी, महामारी, भूकम्प आदि ।
क्षेत्रगत अगुवा : जिल्ला प्रशासन कार्यालय, जुम्ला

**खोजी :** कुनै पनि प्राकृतिक वा कृत्रीम प्रकोपको अवस्थामा गरिनुपर्ने पहिलो कार्य खोजी हो । बाढी, पहिरो, आगलागी भूकम्प जस्ता प्राकृतिक र मानव सृजीत प्रकोपले मानव जीवनलाई सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुर्‍याई दिन्छ । यस्तो असामान्य अवस्थामा घटनास्थलमा तत्काल बिना भेदभाव विपद् प्रभावितहरुको उद्धारकर्मीहरुद्वारा खोज तथा उद्धार सामाग्री सहित मानव, पशु, धन बचाउको लागि खोजी कार्य गर्नुपर्दछ ।

**उद्धार :** प्राकृतिक प्रकोपले तहस-नहस बनाएका मानव सिर्जित भौतिक संरचना तथा खोलानालाले बगाएर संकटसन्न अवस्थामा रहेका व्यक्ति, धन सम्पती, पशुपंक्षी चौपायालाई खोजी गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु नै उद्धार हो । यस्तो कार्य गर्दा सधै जेष्ठ नागरिक, गर्भवती-सुत्केरी महिला, बालबालिका, फरक क्षमता भएका साथै घाईते बिरामीलाई प्राथमिकता दिई उद्धार गरिन्छ । उद्धार कार्यको साथसाथै प्राथमिक उपचार, उनीहरुको सुरक्षा र खाने व्यवस्था पनि संगसंगै गरिन्छ । यो कार्य पिडीतहरूको पुनर्स्थापना नभएसम्म चलिरहन्छ ।



विजया कुमारी प्रसाई
प्रमुख जिल्ला अधिकारी

**अनुमानित अवस्था:** यस वर्ष पनि १५०० परिवारका ७,५०० जनसंख्या प्रभावित हुनसक्ने देखिन्छ । त्यसकारण विपद्ले निम्न असर पार्न सक्छ ।

- सार्वजनिक पूर्वाधारहरूको (भवन, सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) क्षती ।
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बालबालिका, महिला, जेष्ठ नागरिक तथा फरक क्षमता (अपाङ्गता) भएका मानिसहरू मुख्य रूपमा प्रभावित हुनसक्छन ।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि चाप पर्नसक्छ ।
- अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी प्रोटोकल पालनामा चुनौती हुनसक्छ ।

**उद्देश्य**

- विपद् पूर्व नै प्रभावित हुन सक्ने समुदायका लागि खोज तथा उद्धारका आवश्यक सामाग्रीहरुको प्रबन्ध मिलाउने ।
- सूचना व्यवस्थापन तथा पूर्व सूचना प्रणालीलाई चुस्त दुरुस्त पार्ने व्यवस्था मिलाउने ।
- विपद्को कारणले जीवन जोखिममा परेका व्यक्तिहरूको क्रमश प्राथमिकतानुसार उद्धार गर्ने ।
- संकटासन्न अवस्थामा रहेका पिडीतहरूको उद्धारको क्रममा प्रभावकारी समन्वय र संयोजनको कार्यमा सक्रिय रहने ।
- विपद्को बेला हराईरहेका नागरिकहरूको विवरण तयारी गर्दै खोजी कार्य गर्ने ।
- मृतक, बेपत्ता, विस्थापित, पशु धनमा भएको क्षति लगायतको उचित रेकर्ड सहित अभिलेख व्यवस्थापन गर्ने ।
- विस्थापित व्यक्तिहरूको अस्थायी स्थानान्तरण तथा सुरक्षा प्रदान गर्ने ।
- घाईते बिरामीहरूको प्राथमिक उपचार प्राथमिकताका आधारमा गर्ने ।
- विपद्मा परेकालाई समयमै आधारभूत राहत सामाग्री वितरण गर्ने ।
- सम्पूर्ण सरोकारवाला निकायहरूले उद्धार सामाग्रीको मौज्दात एवं मर्मत गरी तयारी अवस्थामा राख्ने ।
- वार्षिक रुपमा कृत्रिम नमुना घटना अभ्यास गर्ने ।

**मानवीय सहयोगका मापदण्ड**

- विपद् भए लगत्तै उपकरण सहित खोजी तथा उद्धार टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सुविधाबाट एकदमै वञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्ति लगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोग सम्बन्धी गतिविधिको अनुगमन गर्ने ।
- आवश्यकतानुसार प्रारम्भिक लेखाजोखा (IRA) र विस्तृत घरधुरी सर्वेक्षण टोलि खटाउने ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनहुँ र त्यसपछि हरेक दुई हप्तापछि प्रतिवेदन पेश गर्ने ।
- शिविर समन्वय तथा व्यवस्थापन (CC&CM) को अनुगमन गर्ने तथा प्रतिवेदन गर्ने संयन्त्र तयार गर्ने ।
- पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टाभित्र समाचार संचार माध्यममा पठाउने ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामाग्री उपलब्ध गराउने ।
- स्थानीय विपद् उद्धार समितिलाई सक्रिय पार्ने ।

**३१.२ संरक्षण**

मुख्य विपद्को किसिम : बाढी, पहिरो, हिमपात, आगलागी, माहामारी, भूकम्प आदि ।
क्षेत्रगत अगुवा : जिल्ला प्रशासन कार्यालय, जुम्ला
अनुमानित अवस्था : अनुमानित ४००० महिला तथा बालबालिकाको संख्या प्रभावित हुनसक्ने ।

**उद्देश्य**

- विपद जोखिम न्यूनीकरण, पूर्वतयारी, तथा प्रतिकार्यका लागि समन्वय संयन्त्र तयार गरी क्षमता अभिवृद्धि गर्ने ।

- समन्वय संयन्त्रको कार्यक्षेत्र तथा कार्ययोजना तयार गरी स्वतः स्फुर्त रुपमा विपद्को समयमा संरक्षण कार्यमा क्रियाशिल गराउने ।
- जोखिममा रहेका समुहहरूको संरक्षण सुनिश्चितताका लागि आपतकालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
- आपतकालीन परिस्थितीबाट उत्पन्न हिंसा, उत्पीडन, शोषण, दुर्व्यवहारका जोखिमहरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित व्यक्तिहरूका लागि आवश्यक सहयोग उपलब्ध गराउने ।
- बालमैत्री ठाउँ तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी बालबालिका तथा महिलाहरुलाई सुरक्षित वातारणमा राख्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- बिछोड भएका बालबालीकाहरुको पहिचान गरि स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुबिधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग गर्ने ।
- यौन दुर्व्यवहार तथा हिंसाका विरुद्धको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका तथा महिलाहरू माथि हुने यौन दुर्व्यवहार तथा शोषणको रोकथाम गर्ने ।
- विपद प्रतिकार्यको एकिकृत पद्धति भित्र रही सरकारी तथा अन्य सरोकारवाला निकायहरूबीच सहकार्य गर्ने ।

**संरक्षणमा मानवीय सहयोगको न्यूनतम मापदण्ड :**

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणलाई मध्यनजर गरी सामाजिक दुरी कायम गर्दै व्यक्तिगत स्वास्थ्य सुरक्षाका सामाग्रीहरुको प्रयोगका साथसाथै तपसिल बमोजिमका क्रियाकलापहरु गर्ने -

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उल्लङ्घन, दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेस गर्ने संयन्त्रको स्थापना गर्ने ।
- बिभिन्न समुदायका सदस्यहरूबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका समुहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुबिधामा समान पहुँच पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बाल-बालिका तथा महिलाहरूका लागि सुरक्षित स्थान र वातावरणको सिर्जना गर्ने ।
- संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनो-सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवारका साथ नभएका बाल-बालिकाहरू र अन्य जोखिममा परेका समुह जस्तैः परिवार नभएका, बृद्ध, अपांगता तथा दीर्घ रोगबाट पिडीत समुहका मानिसहरूलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहेको छ भन्नेकुरा सुनिश्चित गर्ने ।
- पुनर्स्थापना कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।
- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

### ३१.३ कृषि तथा खाद्य सुरक्षा

मुख्य विपद्को किसिम : बाढी, पहिरो, हिमपात, आगलागी, भूकम्प, कोभिड-१९ माहामारी आदि ।
क्षेत्रगत अगुवा : कृषि बिकास कार्यालय, जुम्ला ।

**विपद्को अनुमानित अवस्था**

- तत्काल‌ै आवश्यक सुख्खा तयारी खानाको अभाव हुनसक्ने ।
- भण्डारण गरिएको खाद्यान्न नष्ट भएको अवस्था रहने ।
- पारिवारीक स्तरमा खाना पकाउने ईन्धन तथा पानीको अभाव हुनसक्ने । प्रभावित जनसंख्याका लागि ५ दिनको तयारी खाद्यवस्तु र थप १५ दिनको लागि नियमित खानाको लागि खाद्यान्न राहत सहयोग उपलब्ध गर्नुका साथै गर्भवती तथा स्तनपान गराउने महिलाहरुको लागि विषेश खानाको व्यवस्था गर्नुपर्ने देखिन्छ । बाढीपहिरो बाट हुनसक्ने सम्भावित मानवीय असरहरु निम्न बमोजिम रहेका छन् -



विजया कुमारी प्रसाई
प्रमुख जिल्ला अधिकारी

**उद्देश्यः**

- प्रभावित व्यक्तिहरुका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँचको सुनिश्चितता गर्ने ।
- कोरोना भाइरस (कोभिड - १९) को प्रभाव र संक्रमणलाई मध्येनजर गर्दै उल्लेखित संभावित विपद्को असर पूर्वानुमान गरिएको तथ्यांकलाई ध्यानमा राखी उक्त अवस्थामा राहत प्रतिकार्य योजना संचालन गर्ने ।
- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा सहज पहुँच सुनिश्चित गरी जीवन बचाउने विपद्को अवस्थाबाट जनजीवनलाई सामान्य बनाउने ।
- दैनिक जीवनयापनको लागि आवश्यक सामाग्रीहरु (खाद्य सरसामानहरु) को व्यवस्थापन गर्ने, पहिचान भएका राहत तथा उद्धार सामाग्रीको संकलन, भण्डारण र वितरण गर्ने तथा भण्डारण क्षेत्रको पहिचान र सुनिश्चितता गर्ने ।
- जीवन रक्षा सम्बन्धी रणनीतिहरूका लागि आधारभूत आवश्यकता पूर्ति गर्न खाद्य सम्बन्धी पर्याप्त स्रोतहरू उपलब्ध गराउने ।
- प्रभावित पारिवारसँग उपलब्ध स्रोतहरूलाई पुनर्लाभ तथा दीर्घकालीन आयआर्जनका गतिबिधिहरुमा लगानी गर्न सक्षम पार्न समुदायलाई उनीहरुको आयको सुरक्षित स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

**रणनीति**

- अत्यावश्यक खाद्यबस्तु उत्पादन सामाग्रीको ढुवानीमा सहजीकरण गर्ने ।
- स्थानीय तहमा आपत्कालीन कोष स्थापनाका लागि पहल गर्ने ।
- खाद्य सामाग्री आपूर्तिका लागि गैसस, सामाजिक संघसंस्थाहरुको सहभागिता तथा सहकार्यमा जोड दिने ।
- खाद्य सामाग्री आपूर्तिका लागि स्थानीय उद्योग बाणिज्य संघहरुबाट, स्थानीय व्यापारी तथा व्यवसायीहरुलाई खाद्य सामाग्री सञ्चितिका लागि अनुरोध गर्ने ।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा पूर्वतयारी स्वरुप चामल मौज्दात राख्न अनुरोध गर्ने ।
- चिनी, चाउचाउँ, चिउरा, बिस्कुट र नुन मौज्दात राख्न अनुरोध गर्ने ।
- ढुवानीको लागि स्थानीय निकायहरु संग समन्वय गर्ने ।
- विभिन्न संघ संस्था, खाद्यसंस्थानमा रहेको मौज्दात खाद्यान्नको विवरण राख्ने ।

**३१.४ खानेपानी, सरसफाई तथा स्वच्छता**

**मुख्य विपद्को किसिम** : बाढी, पहिरो, हिमपात, आगलागी, भूकम्प, कोभिड-१९ महामारी आदि
**क्षेत्रगत अगुवा** : खानेपानी तथा सरसफाई डिबिजन कार्यालय, जुम्ला ।

**अनुमानित अवस्था** :

१०० घरधुरी तथा करीव ७५० जनसंख्या प्रभावित हुनसक्ने अनुमान गरिएको छ । बाढीको कारणबाट होचो स्थानमा रहेका क्षेत्रहरूमा सुरक्षित खानेपानीको मुहान, खानेपानीका पाईप लाइन अवरूद्ध हुने गरी प्रदूषित हुने र सम्भवतः बाढीमा डुब्न सक्ने वातावरण दूषित हुने गरी शौचालयहरू भरिन सक्दछन । सुरक्षित पानीको अभाव तथा ढलबाट उत्पन्न हुनसक्ने दूषित वातावरणले गर्दा झाडापखाला तथा हैजा फैलिने जोखिम बढन सक्ने अनुमान गरिएको छ ।

**उद्देश्य**

- विस्थापित समुदायका लागि सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छताका सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने ।
- बाढी, पहिरोको कारण समुदायमा प्रदुषित खानेपानी तथा अव्यवस्थित सरसफाईका कारण प्रभावित मानिसहरूमा संक्रामक रोगहरू फैलिन नदिन सुरक्षित पिउने पानी र सरसफाईको व्यवस्था गर्ने ।
- आधारभूत स्वास्थ्यसम्बन्धी सामाग्रीको उपलब्धता खानेपानी, सरसफाई तथा स्वच्छता सँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको व्यवस्था गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध भए नभएको सुनिश्चितता गर्ने ।



बिजया कुमारी प्रसाई
प्रमुख जिल्ला अधिकारी

**मानवीय सहयोगका न्यूनतम मापदण्ड**

- प्रतिदिन प्रतिव्यक्ति न्यूनतम ४-५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुर्‍याउने ।
- शिवीरमा बस्ने विस्थापित मानिसहरूका लागि बाल्टीन र खानेपानी शुद्धगर्ने चक्की, पियुष तथा वाटर फिल्टर उपलब्ध गराउने ।
- शिवीरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाईका सुविधा, अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले बढाउने गरी) निर्माण गर्ने ।
- शिवीरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई स्वास्थ्य र खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर-सरकारी संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक, रेडक्रस स्वयंसेवकहरूसँग मिली स्वास्थ्य सम्बन्धी किट वितरण गर्ने, पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हातधुन सिकाउने ।

**३१.५ आपतकालीन शिक्षा**

**मुख्य विपद्को किसिम** : बाढी, पहिरो, हिमपात, आगलागी, भूकम्प, कोभिड-१९ माहामारी आदि ।

**क्षेत्रगत अगुवा :** : शिक्षा विकास तथा समन्वय ईकाइ, जुम्ला ।

**विपद्को अनुमानित अवस्था :**

जुम्ला जिल्लामा विगतका वर्षहरूको अनुभवलाई हेर्ने हो भने बाढी प्रभावित पालिकाहरुका धेरै जसो बिद्यालयहरु, बाढी पहिरो लगायतका विपदबाट प्रभावित भएको देखिन्छ । अस्थायी आश्रयका रुपमा प्रायः बिद्यालयहरुलाई नै प्रयोग गरिने भएकोले बिद्यालयहरु बहुप्रकोपबाट प्रभावित भएको देखिन्छ । यस्ता बहुप्रकोपबाट प्रत्यक्ष रुपमा बालबालिकाहरू प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

गत वर्ष देखि कोभिड-१९ को कारणले शैक्षिक क्षेत्रलाई ठुलो क्षति पुर्‍याएको छ । यस शैक्षिक सत्रको शुरुवाती देखिनै सबै खालका क्याम्पस र विद्यालयहरुले प्रत्यक्ष सम्पर्कमा रहेर पठन पाठन गराउन नसकिरहेको अवस्था विद्यमान रहेकै छ । कोभिड-१९ को कारणले बालबालिकाको निरन्तर सिकाईलाई कायम राख्न कसरी अगाडी बढने, बालबालिकाहरूको शिक्षा पाउने अधिकारलाई कसरी सुनिश्चित गर्ने र जोखिममा परेका बालबालिकाहरूलाई मनोसामाजिक परामर्श कसरी प्रदान गर्ने र उपयुक्त सिकाई सामाग्री प्रदान गर्ने गराउने हेतुले यो पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिएको छ ।

**विपदबाट सम्भावित क्षति**

- धेरै बालबालिकाहरूको पढाईमा कोभिड-१९ को प्रभाव पार्न सक्ने ।
- लामो समय सम्म विद्यालय बन्द रहनु तथा विद्यालय खुले पनि कक्षा सञ्चालन हुन नसक्ने ।
- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामाग्रीहरू नष्ट हुनसक्ने ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि विद्यालयहरू आवासको रूपमा परियोग हुन सक्ने
- कोभिड - १९ को कारण लामो समय देखि वन्दरहेका विद्यालयहरु खुल्दा बिद्यार्थीमा मनोसामाजिक असर पर्न सक्ने ।

**उद्देश्य**

- विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बिद्यार्थीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने । साथै बालबालिकाको बृद्धि विकास, संरक्षण प्राप्त गर्न पाउने अधिकार र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्ने ।
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनो सामाजिक असरको सामना गर्ने कार्यमा विद्यार्थीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुर्‍याउने ।
- प्राकृतिक विपद्बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिकाहरू तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपतकालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने ।
- आपतकालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
- आपतकालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरूसँग सम्बन्धको स्थापना गर्ने ।
- स्थानीय तहले विपद र जोखिम न्यूनीकरण योजना तयार गरी कार्यान्वयन गर्ने ।

- विपद र जोखिम न्यूनीकरणका सवालहरुलाई  विद्यालय सुधार योजनामा समावेश गराउने ।

**मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड**

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी क्षतिको विवरण र शिक्षा क्षेत्रमा सहयोग गर्ने संलग्न व्यक्तिहरूका बारेमा द्रुत रुपमा तथ्यांक संकलन गर्ने ।
- शिक्षा विकास तथा समन्वय ईकाइ, स्थानीय शिक्षा शाखा र क्षेत्रगत सदस्यहरूसँगको समन्वय तथा प्रभावित  समुदायहरूसँगको परापर्शमा प्रभावित वा आन्तरिक रूपमा विस्थापित बालबालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त अस्थायी सिकाई केन्द्र निर्माण गर्ने ।
- विद्यालयहरु पुनः खुला र शिक्षण-सिकाईका सामाग्री उपलब्ध गराई मनोरञ्जनका सामाग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः शिक्षण सिकाई क्रियाकलाप प्रारम्भ गर्ने ।
- विद्यालय बाहिर रहेका बाल-बालिकाहरू अस्थायी सिकाई केन्द्रमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ छैन भन्ने कुराको सुनिश्चित गर्ने ।
- प्रभावित बालबालिकाहरूलाई नियमित शिक्षा प्रणालीमा संलग्न गराउदै लैजाने ।
- प्रभावित वालवालिकाहरूलाई वितरण गरिने न्यूनतम शैक्षिक सामाग्रीहरु जस्तैः- झोला, पोशाक, कापी, ज्यामिति बक्स, पेन्सील बट्टा, पाठ्यपुस्तक आदि ।
- समग्र विद्यालय व्यवस्थापनमा सुधार ल्याउन विपद व्यवस्थापनबारे विद्यालय सुधार योजनामा समावेश गरी अल्पकालीन र दीर्घकालीन योजना निर्माण गर्ने ।
- विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने गैर सरकारी संघ-संस्थाहरूको पहिचान गरी प्रभावित क्षेत्रमा सेवा वितरण गर्ने ।

**३१.६ आपतकालिन आवास तथा गैरखाद्य सामाग्री**

मुख्य विपद्को किसिम : बाढी, पहिरो, हिमपात, आगलागी, भूकम्प, कोभिड-१९ महामारी आदि ।
क्षेत्रगत अगुवा : सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, जुम्ला
अनुमानित अवस्था : विगतका विपद्हरूबाट प्रभावित भएका परिवारहरूको तथ्यांकलाई विश्लेषण गर्दा अस्थायी आवास तथा गैरखाद्य सामाग्री १५०० घरपरिवारलाई सहयोग गर्नुपर्ने पूर्वानुमान गरी यस वर्षको विपद् प्रतिकार्य पूर्वतयारी योजना निर्माण गरिएको छ । विपद्बाट संभावित धन जनको क्षतिहुन सक्ने तथा कोभिड-१९ को प्रभाव तथा संक्रमणको बृद्धिसँगै क्वारेन्टाईन, आइसोलेसन सेन्टर, उपचार केन्द्रहरु निर्माण गर्नु पर्ने देखिन्छ ।

**उद्देश्य**

- कोभिड-१९ संक्रमण र यसको रोकथामका लागि गरिने सावधानीहरुलाई अवलम्वन गर्दै विपद्बाट प्रभावित हुनसक्ने पूर्वानुमान गरिएका १५०० परिवारलाई तत्काल सुरक्षित अस्थायी आवासको प्रबन्ध गर्ने योजना तयार गर्ने ।
- आपतकालिन आश्रयस्थलमा महिला, बालबालिका, जेष्ठनागरिक र अपांगता भएका मानिसहरुलाई आत्मसम्मान पूर्वक रहने वातावारण तयार गर्ने ।
- विपद् प्रभावित व्यक्ति/परिवारहरूका लागि समयमा नै राहत प्रतिकार्य समूहको पहूँच सुनिश्चित गरी गैरखाद्य सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने ।
- स्थानीय स्तरमा उपलब्ध सुरक्षित स्थलहरूमा अस्थायी आवासको व्यवस्था गरी विपद्को अवस्थाबाट जनजीवन सामान्य बनाउने ।
- अस्थायी वासस्थानको लागि उपयुक्त स्थलको पहिचान गरी आवश्यकताका आधारमा विपद्मा परेका व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने र समुदाय स्वयमलाई व्यवस्थापन गर्न प्रोत्साहित गर्ने ।

**मापदण्ड**

- औषतमा एक परिवारका ७ सदस्यहरूको लागि १८ फुट साईजको त्रिपाल उपलब्ध गराउने ।
- प्रति प्रभावित परिवारका ७ सदस्यका लागि न्यूनतम एक जोडा लगाउने कपडा उपलव्ध गराउने ।
- हरेक परिवारलाई खाना बनाउने भाँडा उपलव्ध गराउने ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा आवासका लागि समन्वय तथा समझदारी गर्ने ।

- शिविरका लागि योजना तर्जुमा गर्दा सांस्कृतिक तथा सामाजिक मूल्यमान्यताहरू एवं परिस्थितिलाई ध्यानमा राखिनु पर्दछ ।
- शिविर स्थापना गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको विवरण हेर्ने ।
- स्थानीय सरकार लगायत सरोकारवाला निकाहरूको समन्वयमा शिविरको स्थापना गर्ने ।

### ३१.७ स्वास्थ्य तथा पोषण

मुख्य विपद्को किसिम : बाढी, पहिरो, हिमपात, आगलागी, भूकम्प, कोभिड-१९ आदि ।
क्षेत्रगत अगुवा : जिल्ला जन स्वास्थ्य कार्यालय, जुम्ला
अनुमानित अवस्था :
हरेक वर्ष आउने विभिन्न प्रकोप र त्यसले पारेको प्रभावले सिंगो जिल्ला अति प्रभावित क्षेत्रको रुपमा पाईन्छ । कोभिड-१९ माहामारीका कारण पुरै जिल्ला प्रभावित भएको छ । विगतका विपद्हरूबाट प्रभावित भएका परिवारहरूको तथ्यांकलाई विश्लेषण गर्दा विभिन्न प्रकारका स्वास्थ्य समस्याहरु देखापर्न सक्छन ।

**उद्देश्य :**

- बाढी, पहिरो, आगलागी लगायत माहामारीजन्य रोगहरू झाडापखाला, हैंजा, तथा कोभिड-१९ आदी रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि प्रतिकार्य योजना निर्माण गर्ने ।
- मानव जीवन सुरक्षा तथा कल्याणका लागि उच्च जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पुरा भए नभएको सुनिश्चित गर्ने ।
- द्रुत लेखाजोखासँग एकीकृत गरि स्वास्थ्य तथा पोषणको द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।
- कोभिड-१९ अझैं पनि नियन्त्रणमा नआएको अवस्थामा तथा माहामारीको रुपमा फैलिने सम्भावनाको लेखाजोखा गरि क्षमतामा अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न, स्वास्थ्य शिविरको संचालन गर्न र प्रभावितलाई माथिल्लो निकायमा पठाउने संयन्त्रको विकास गर्ने ।
- पर्याप्त आपतकालीन आपूर्तिहरु र आवश्यक मानवीय स्रोतसाधन जुटाउनका लागि पहल गर्ने ।
- गर्भवती तथा स्तनपान गराईरहेका महिला एवं पाँच वर्षमुनिका बालबालिका जेष्ठ नागरिकका लागि पुरक खानाको व्यवस्थापन गर्ने ।
- भिटामिन ए/जुकाको औषधि, आइरन चक्की वितरण तथा प्रभावित बालबालिकाहरूका लागि खोप सम्बन्धी गतिविधीहरू सुनिश्चित गर्ने ।

विजया कुमारी प्रसाई
प्रमुख जिल्ला अधिकारी